## पाठ - 17
## रसूल ﷺ को साहस

## الدرس السابع عشر - نيبالي
## صبره ﷺ

रसूल ﷺ को साहस बारे कुरा गरौं त उहाँको सम्पूर्ण जीवन सहन गर्नमा र सहनको सुझाउ दिनमा, र संघर्ष गर्नमा र संघर्षको सुझाउ दिनुमा बितेको छ , प्रथम आयत अवतरित हुने समय देखि जीवनको अन्तिम समय सम्म आफु पनि सहन गर्नु भयो र अरुलाई पनि सहन गर्ने सल्लाह दिनु भयो, र लगातार संघर्ष गर्नु भयो, नुबुव्वत प्राप्त भएको समय देखि नै रसूल ﷺ लाई थाहा भइसकेको थियो कि यसबाटोमा कस्तो कस्तो कठिनाइको सामुना हुन्छ । देवदुत हजरत जिब्रईल عليه السلام सँग पहिलो पटकको भेँट पछि नै हजरत खदिजा رضي الله عنها ले उहाँलाई वरका बिन नौफलको घर लगेकि थीईन्, र वरकाले भनेको थियो कि काश म त्यो समय सम्म जीवित भइदिए जुन् समय तपाईको समाज तपाइलाई आफ्नो शहरबाट निकाली बाहर गर्ने छ ! त रसूल ﷺ ले सोध्नु भयो कि «के उनीहरुले मलाई निकाली बाहर गर्ने छ» त वरकाले भन्नु भयो कि हो, जुन् सुकै व्यक्तिले जहिले पनि यस्तो पैगाम लिएर आयो समाज सँग अवश्य शत्रुता भयो , र त्यस कारण शुरु देखि नै रसूल ﷺ आफुलाई हरेक प्रकारको दुखः र कष्ट, हरेक प्रकारको दुशमनी र षडयन्त्रलाई झेलनको लागि सक्षम बनाउनु भएको थियो ।
जुन् परिस्थितीमा उहाँले आफ्नो सहन शक्तिलाई प्रयोग गर्नु भएको छ त्यस मध्ये यो पनि छ कि उहाँले मक्कामा इस्लामको प्रचार प्रसार गर्ने कर्ममा आफ्नो समाज र कुल खान्दान तर्फबाट जुन् प्रकारको शारिरिक अत्याचारको सामुना गर्नु भयो, यस बिषयमा बुखारीको हदीस छ कि हजरत उरवा बिन जोबैरले हजरत अब्दुल्लाह बिन अमर बिन अल आस सित नासतिकहरुले रसूल ﷺ सँग गरेको कठिन र नराम्रो व्यवहार बारे सोध्नु भयो त उहाँले भन्नु भयो कि एक दिन नबी ﷺ काबा भित्र नमाज पढिरहेका थिए कि त्यहि समयमा उकबा बिन अबी मोइत आयो र उहाँको घाँटिमा च्यादर हालेर साँस थुन्नु भयो, त्यस पछि अबुबकर आएर त्यसको काँधामा धक्का दिएर त्यसलाई हटाउनु भयो र भन्नु भयो, के तिमीहरु कुनै यस्तो व्यक्तिलाई हत्या गर्न चाहन्छौं जुन् यो भन्दछन् कि अल्लाह मेरो पालन्कर्ता हो ।
त्यस्तै एक दिन रसूल ﷺ काबाको नजिक नमाज पढिरहेका थिए, र अबुजहल आफ्नो साथीहरु सँग त्यहिं बसेको थियो, उनीहरुले एक अर्कालाई सोधे कि कोले फलानो खान्दानमा जिबह भएको उँटको भुडी ल्याएर सजदामा भएको समय मुहअहम्मदको पिठमा राख्न सक्छ ? त समाजको सबभन्दा दुष्ट व्यक्तिले गएर ल्यायो र नबी ﷺ जब सजदामा जानु भयो त उहाँको दुवै काँधको बीच राखेर सबैले हाँसन थाले, र हाँसदा हाँसदै एक अर्का माथि लढन थाले, रसूल ﷺ अझै सजदामा हुनु हुन्थ्यो माथा उठाउने शक्ति थिएन, यहाँ सम्म कि उहाँकि छोरि हजरत फातिमा رضي الله عنها आएर उहाँको पिठबाट फोहर हटाउनु भयो । तर मानसिक दुःख र दबाव यस भन्दा पनि अधिक गाह्रो थियो, जुन् उहाँको निमन्त्रणलाई ठोकाएर उहाँलाई झुठो, परोहित, कवी, पागल, जादुगर भन्नु भयो र उहाँले पेश गरेको चिन्हहरुलाई पुरानो कथा भन्नु भयो, त्यस्तै अबुजहलले रसूल ﷺ को ठट्टा उडाउँदै भन्न थाल्यो कि «हे अल्लाह ! यदि तिम्रो लागि सत्य कुरा यही छ भने हामीहरु माथि आकाशबाट ढुँगाको बर्षा गरिदेऊ वा कुनै ठुलो सजाय अवतरित गरि देउ» ।
रसूल ﷺ जब मानिसहरुको सभामा र बजारमा इस्लामको प्रचार गर्न जानु हुन्थ्यो भने उहाँको काका अबुलहब पनि पछि पछि जादै गर्थ्यो, र उहाँलाई झुठो भन्थ्यो, मानिसहरुलाई मनाहि

गर्थ्यो र यो भन्दै थियो कि मुहम्मदको कुरामा विशवास नगर, त्यस्तै अबुलहब कि पत्नी उम्मे जमील दाउरा र काँडा जम्मा गरि रसूल ﷺ को बाटोमा हाल्ने गर्थी ।

अत्याचारको त अन्तै भयो जब शेअबे अबीतालिब नामको घाटीमा तीन बर्ष सम्म रसूल ﷺ र उहाँको साथीहरुको नाकाबन्दि भयो, भोकका कारण उनीहरुले रुखको पात पनि खानु भयो, त्यस पछि उहाँको काका अबुतालिबको देहान्त भयो जसले संधै उहाँलाई सुरक्षा प्रदान गरि रहनु भएका थिए , रसूल ﷺ लाई धेरै दुखः लाग्यो, खास गरि यस कारण कि उहाँको देहान्त कुफरको अवस्थामा भयो, फेरि यकायक रसूल ﷺकि प्रिय पत्नी हजरत खदिजा رضي الله عنها को पनि देहान्त भइहाल्यो, जुन् संधै उहाँलाई धैर्य व्यक्त गरि सहयोग पुर्याउने गर्थी, फेरि पटक पटक उहाँ माथि हत्याको प्रयास भए पछि रसूल ﷺ ले आफ्नो शहर छाडेर हिजरत गर्नु भयो, मदीनामा पनि साहस र संघर्षको एउटा नयाँ अवधि शुरु भयो, कष्ट र कठिनाइको जीवन, लाचार भएर भोकको कारण पेटमा ढुंगा बाँधेर बस्नु भयो, रसूल ﷺ ले आफै भन्नु भएकोछ कि «अल्लाहको बाटोमा जति खतरा मैले उठाएको छु त्यति खतरा अरु कसैले उठाएको छैन, मेरो माथि जति अत्याचार भएको छ त्यति अरु कसै माथि भएको छैन, ३० दिन र ३० रात यस्तो बितेको छ कि मेरो लागि र बेलालको लागि यस्तो केहि पनि थिएन जसलाई एउटा जीव वसतु खान पाउन्छ मात्र यति नै हुन्थ्यो जुन् बेलालको काखमा आइहाल्थ्यो रसूल ﷺ को इज्जत प्रति दोष लगाइयो, गाउँतिरको अन्पढ् व्यक्तिहरु र मोनाफिकहरुले उहाँलाइ दुःख दिए,

बुखारीको हदीसमा हजरत अब्दुल्लाह बिन मसऊद رضي الله عنه ले भन्नु हुन्छ कि रसूल ﷺ ले एक समय केहि बाँटनु भयो त अन्सार समुहको कुनै व्यक्तिले भन्नु भयो, अल्लाहको कसम, मुहम्मद यसमा अल्लाहको प्रसन्नता चाहेको छैन, इब्ने मसऊद رضي الله عنه ले भन्नु हुन्छ कि म आएर रसूल ﷺ लाई यस्तो समाचार दिए त उहाँको अनुहार रातो भइहाल्यो र उहाँले भन्नु भयो «मुसा عليه السلام माथि अल्लाहको कृपा होस, उहाँले यस भन्दा पनि अधिक दुखः पाउनु भयो तर उहाँले सहन गर्नु भयो»

रसूल ﷺ ले आफ्नो छोरा छोरिहरुको मृत्युको समयमा पनि निकै साहसले काम लिनु भयो, उहाँको सातवटा (७) सन्तान थिए, तर एक पछि एक सबै खस्नु भयो, फातिमा رضي الله عنها बाहेक अरु कोहि जीवित रहनु भएन, तर पनि रसूल ﷺ कमजोर हुनु भएनन्, बरु साहसले काम लिनु भयो, आफ्नो छोरा इब्राहिमको मृत्यु समय उहाँले मात्र यति नै भन्नु भयो कि «आँखाबाट आँसु बगाउँदै छु , र मुटु भित्र दुःख भइरहेको छ , तर पनि हामी मात्र त्यहि भन्छौं जे अल्लाहले चाहनु हुन्छ , हे इब्राहिम ! तिम्रो साथ छुटेर हामी धेरै दुखी छौं» ।

नबी ﷺ ले मात्र दुखः र अत्याचारलाई सहन गर्नु भएन, बरु अल्लाह तआलाको अनुशरण प्रति पनि धेरै सहन गर्नु भएकोछ किन भने यो अल्लाहको आदेश थियो, उहाँले अल्लाहको अनुशरण र पुजामा यति संघर्ष गर्नु हुन्थ्यो कि लामो समय सम्म उभिएका कारण उहाँको दुवै पाइला फुलि हाल्थ्यो, अधिक भन्दा अधिक ब्रतमा बस्नु हुन्थ्यो, र अल्लाहको स्मरण गर्नु हुन्थ्यो, त्यस बाहेक अरु पुजाहरुमा पनि संधै व्यसत हुनुहुन्थ्यो, र यदि यस बारे सोध पुछ हुन्थ्यो भने उहाँले भन्नु हुन्थ्यो «के म अल्लाहको आभारि भक्त न बनौं?» ।